*बैठक संख्या:-*

आज मिति २०८० असोज १० गते बुधबारका दिन बिहान ८ बजे घ्याङलेख गाउँकार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो।

<u>उपस्थिति</u>

| क्र.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री शंकरमान घलान | उपाध्यक्ष | |
| ३ | श्री सोम बहादुर भोलन | सदस्य | |
| ४ | श्री रोशन कुमार भोलन | सदस्य | |
| ५ | श्री निश्चल सुनुवार | सदस्य | |
| ६ | श्री अमृत वाईबा | सदस्य | |
| ७ | श्री ज्ञान बहादुर सिजाली मगर | सदस्य | |
| ८ | श्री गंगा माया कामी | सदस्य | |
| ९ | श्री सान्नानी नेपाली | सदस्य | |
| १० | श्री साल माया लो | सदस्य | |
| ११ | श्री रमा कुमारी ग्याङ्मी | सदस्य | |
| १२ | श्री निम बहादुर थामी | सदस्य | |
| १३ | श्री मिठु कुमारी विश्वकर्मा | सदस्य | |
| १४ | श्री राम कुमार कार्की | सचिव | |

<u>अन्य उपस्थिति</u>

| क्र.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुधन थिङ | सहायक पाँचौं | |

घ्याङलेख गाउँपालिका
गाउँकार्यपालिकाको बैठक
मिति २०८० असोज १० गते बुधबार
बैठकका प्रस्ताव तथा निर्णयहरु
समयः बिहान ८ बजे

बैठकका प्रस्तावहरुः-

१. अघिल्ला कार्यपालिका बैठकका निर्णयको समीक्षा सम्बन्धमा।

२. झोलुङ्गे पुलको हेरालु सम्बन्धमा।

३. दशैं तथा दैनिक भ्रमण भत्ता खर्च सम्बन्धम।

४. बाटो मर्मत सम्बन्धमा।

५. भ्यू टावर सम्बन्धमा।

६. कोल्टारमा रहेको सभा हल सम्बन्धमा।

७. भूमि सेवा केन्द्रको फोकल पर्सन तोक्ने सम्बन्धमा।

८. विविध सम्बन्धमा ।

| प्रस्ताव नं. | निर्णयहरु |
|---|---|
| १ | यस अघि भए गरेका निर्णयहरुको समीक्षा गर्नुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो। |
| २ | TBSU बाट अनुरोध भई आए बमोजिम झोलुङ्गे पुलको नियमित मर्मतका लागि यस पालिका भित्र रहेका जम्मा १२ बटा पुलहरुको संरक्षण गर्न लेखिए बमोजम पुलहरुको वार्षिक रु ६०००।— को दरले पारिश्रमिक पालिकाबाट नै उपलब्ध गर्ने गरी देहाय बमोजिमका पुल संरक्षकहरु वडाको सिफारिसमा नियुक्ति गरी पारिश्रमिक भुक्तनी दिने निर्णय गरियो। |

देहाय:

| क्र.स. | पुल रहेको स्थान | वडा नं. | पुल संरक्षक संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | खराङ खुरुङ खोला झो.पु. | १ | १ जना | |
| २ | बाझोखेत झो.पु. | १ | | |
| ३ | सिम्ले खोला झो.पु. | १ | १ जना | |
| ४ | हायूटार-हिर्दिङ जाने झो.पु. | २ | १ जना | |
| ५ | चन्दनपुर ठाडो खोला झो.पु. | २ | १ जना | |
| ६ | सिरुटार गैरी झो.पु. | ३ | १ जना | |
| ७ | कालिखोला झो.पु. | ४ | १ जना | |
| ८ | कालिखोला चौतारा झो.पु. | ५ | | |
| ९ | रामपुर खोला झो.पु. | ५ | १ जना | |
| १० | कोखाजोर झो.पु. | ५ | १ जना | |
| ११ | राङ्चा झो.पु. | ५ | १ जना | |
| १२ | रामपुर खोलाको दलित वस्ती झो.पु. | ५ | १ जना | |

| प्रस्ताव नं. | निर्णयहरु |
|---|---|
| ३ | यस पालिकाले विभिन्न समयमा ज्यालादारीमा नियुक्ती दिई कार्यरत रहेका कर्मचारीहरुको सेवा अवधि ६ महिना कटेको अवस्थामा चाडपर्व खर्च उपलब्ध गराउने र निजहरुलाई फिल्डमा खटिएको अवस्थामा र कार्यालयको कामकाजले खटिदा नियमानुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराउने निर्णय गरियो। साथै बाटो हेरालुको हकमा करार सेवा असोज मसान्त सम्म कायम गर्ने समेत निर्णय गरियो। |

| | |
|---|---|
| ४ | बाटो मर्मत गर्ने कार्य सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अख्तियार दुरुपयोग अनुसान्धान आयोगको परिपत्र तथा व्यवस्था भए अनुसार हुने गरी प्राविधिक स्टिमेट गरी मर्मत कार्य गर्नको लागि सम्बन्धित वडाले सम्बन्धित सबैको जानकारीको लागि ७ दिनको सूचना जारी गरी उपभोक्ता समिति गठन गरी कार्य प्रारम्भ गर्ने गराउने निर्णय गरियो। |
| ५ | वडा नं. १ को फापरचूलीमा निर्माणाधिन भ्यू टावर निर्माणको लागि घ्याङलेख निर्माण सेवा प्रा.लि.ले निर्माण कार्य गरेकोमा विगत २ वर्ष देखि काम रोकि रहेकोले सो कामको लागि दशैं लगतै निर्माण कार्य प्रारम्भ गर्न गराउन ताकेता गर्ने र तोकिएको अवधिमा सम्पन्न नसकेमा निजको धरौटी जफत गरी कालोसूचीको लागि प्रकृया अगाडी बढाउने निर्णय गरियो। |
| ६ | शहरी विकास कार्यालय, सिन्धुलीबाट निर्माण भएको वडा नं.३, कोल्टार स्थित रहेको सभा हलको सञ्चालन तथा व्यवस्थापन गर्न वडा नं.३ लाई जिम्मा दिने निर्णय गरियो। |
| ७ | भूमि सेवा केन्द्रको फोकल पर्सन सूचना प्रविधि अधिकृत किशोर कुमार बाईबालाई तोक्ने निर्णय गरियो। |
| १६. विविध सम्बन्धमा छलफल गर्दा: | |
| क | मिति २०८०।०३।१० गतेको गाउँसभाको १३ औं अधिवेशनमा निर्णय भए अनुरुप कार्यालय समय बिहान ८ बजे देखि बेलुकी ७ बजे सम्म सञ्चालन भइरहेको अवस्थामा अतिरिक्त समय काम गरे बापत खाजा भत्ता नियमानुसार अतिरिक्त समय काममा खट्ने कर्मचारीहरुलाई श्रावण १ गते देखि नै लागू हुने गरी उपलब्ध गराउने निर्णय गरियो। |
| ख | यस पालिका अन्तरगत रहेका सवारी साधनहरु विभिन्न समयमा मर्मत गरिएको हुँदा सो बापत देहाय वमोजिमको रकम सम्बन्धितलाई भुक्तानी गर्ने निर्णय गरियो।<br>देहाय:-<br>१. सवारी साधन नं.- बा २ झ ४३९७ -रु२६१,६५४।—<br>२. सवारी साधन नं.- बा २ झ ३६८० -रु१६९,१८०।—<br>३. ब्याक हो लोडर नं.- बा १ ग ३५५५ -रु१२०,०००।— |
| ग | वाटो तथा अन्य मर्मत कार्यको लागि ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापनको जिम्मा उपाध्यक्ष श्री शंकरमान घलानलाई दिने र बाटो निर्माण तथा मर्मत कार्यको लगबुक राखी सवारी चालकले ईन्धन तथा मर्मतको माग फारम भरी सोही बमोजिम ईन्धनको निकासा लिने निर्णय गरियो। साथै अन्य उपभोक्ता तथा व्यक्तिले गाउँपालिकाको मेसिन भाडामा लिनु पर्दा देहायको दररेट तोक्ने निर्णय गरियो।<br>देहाय:<br>१. तेल नहाली सञ्चालन गरेमा:- १२००।— |

| | |
|---|---|
| | २. तेल हाली सञ्चालन गरेमाः- २५००।— |
| घ | प्रिन्स जे.के. बिल्डर्स कम्पनी प्रा.लि.ले वडा नं.३ को बाटो निर्माण कार्य समयमा सम्पन्न नगरेको कारणबाट सम्मानित उच्च अदालत, पाटनकोको आदेश अनुसार धरौटी जफत भएकोले सो धरौटी रकम सदरस्याहा गरी गाउँपालिकाको राजश्व खातामा जम्मा गर्ने निर्णय गरियो। |
| ङ | आउँदै गरेको विजया दशमी तथा अन्य चाडपर्वहरु र दैनिक बिक्री वितरण हुने खाद्य पदार्थ लगाएत उपभोग्य सामाग्रीको मिसावट, मूल्य तथा गुणस्तर नियन्त्रणको लागि बजार अनुगमनलाई व्यवस्थित गर्न देहाय बमोजिमका समितिले नै यथाशिघ्र बजार अनुगमन गर्ने निर्णय गरियो।<br><br><u>देहायः</u><br>१. शंकरमान घलानः- संयोजक<br>२. भरत जंग थापाः- सदस्य<br>३. प्रकाश खतिवडाः- सदस्य<br>४. ई.प्र.का. बस्तीपुरक प्रतिनिधिः- सदस्य |
| च | पालिका भित्र चल्ने सार्वजनिक यातायातको भाडादर लगायत यातायात सुरक्षाको लागि आवश्यक प्रवन्ध मिलाउने सम्बन्धित सबै पक्षलाई अनुरोध गर्ने निर्णय गरियो। |
| छ | यस गाउँपालिकाको मूख्य प्रशासनिक भवन निर्माणका लागि साविकमा भएको डि.पि.आर.को कार्यपलिका र गाउँसाभामा भएको निर्णयानुसार ड्रइङ डिजाईन र लागयत अनुमानमा भेरियसन भएकोले भेरियसन बमोजिम कायदिश भई निर्माण भईरहेको भवनको हालसम्मको कार्यको नाप जाँच गरी रनिङ बीलको भुक्तानी दिने निर्णय गरियो। |